मितिः २०८२/०३/१०

समयः साँझ ५.०० बजे

स्थानः नागार्जुन नगरपालिकाको सभाहल

नागार्जुन नगरपालिकाका का.वा. नगर प्रमुख एवम् नगर सभाध्यक्ष श्री सुशिला अधिकारीज्यूको अध्यक्षतामा नागार्जुन नगरपालिकाको आ.व. २०८२/०८३ को नगर सभाको एघारौं अधिवेशनको दोश्रो बैठक देहायका नगर सभाका सदस्यज्यूहरूको उपस्थितीमा बसी निम्न बमोजिमको निर्णय गरियो ।

<u>तपसिलः</u>

| सि.नं | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री सुशिला अधिकारी | का.वा. नगर प्रमुख (सभापति) | |
| २ | श्री शिव प्रसाद रिजाल | प्रमुख प्रशासकीय अधिकृत | |
| ३ | श्री महेश रिमाल | प्रवक्ता एवं वडा अध्यक्ष | |
| ४ | श्री रामेश्वर लामा | वडा अध्यक्ष, वडा नं १ | |
| ५ | श्री थुमराज के.सी. | वडा अध्यक्ष, वडा नं २ | |
| ६ | श्री उमेश लामा | वडा अध्यक्ष, वडा नं ३ | |
| ७ | श्री लक्ष्मीराम शर्मा पौडेल | वडा अध्यक्ष, वडा नं ४ | |
| ८ | श्री देवेन्द्रराज गिरी | वडा अध्यक्ष, वडा नं ६ | |
| ९ | श्री शैलेन्द्र लामा | वडा अध्यक्ष, वडा नं ७ | |
| १० | श्री सुरज कुमार पोखरेल | वडा अध्यक्ष, वडा नं ८ | |
| ११ | श्री रामकृष्ण भट्टराई | वडा अध्यक्ष, वडा नं ९ | |
| १२ | श्री सुन्दर वहादुर के.सी. | वडा अध्यक्ष, वडा नं १० | |

CS Scanned with CamScanner

| सि.नं | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १३ | श्री शोभा नेपाली | नगरकार्यपालिका सदस्य | |
| १४ | श्री इशु खड्का | नगरकार्यपालिका सदस्य | |
| १५ | श्री कल्पना बसेल | नगरकार्यपालिका सदस्य | कल्पना |
| १६ | श्री हुम्जला राई | नगरकार्यपालिका सदस्य | |
| १७ | श्री चन्दा सुनार | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री अम्विका सुनचिउरी गजमेर | नगरकार्यपालिका सदस्य | |
| १९ | श्री रमेश बसेल | नगरकार्यपालिका सदस्य | |
| २० | श्री सान्ता लामा | नगर सभा सदस्य | |
| २१ | श्री सविता सुनार | नगर सभा सदस्य | |
| २२ | श्री योगेन्द्र चित्रकार | नगर सभा सदस्य | |
| २३ | श्री राम प्रसाद खनाल | नगर सभा सदस्य | |
| २४ | श्री विमला महर्जन | नगर सभा सदस्य | |
| २५ | श्री चन्द्रीका विश्वकर्मा | नगर सभा सदस्य | |
| २६ | श्री लङ्केश लामा | नगर सभा सदस्य | |
| २७ | श्री सानु विर बहादुर नगरकोटी | नगर सभा सदस्य | |
| २८ | श्री शन्जु थापा क्षेत्री (बुढाथोकी) | नगर सभा सदस्य | |

Scanned with CamScanner

| सि.नं | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| २९ | श्री राधिका दर्नाल | नगर सभा सदस्य | |
| ३० | श्री बम बहादुर श्रेष्ठ | नगर सभा सदस्य | |
| ३१ | श्री जीवन पुतुवार | नगर सभा सदस्य | |
| ३२ | श्री सुन्दरमणी श्रेष्ठ | नगर सभा सदस्य | |
| ३३ | श्री व्राल कृष्ण ढुंगाना | नगर सभा सदस्य | |
| ३४ | श्री केशव थापा | नगर सभा सदस्य | |
| ३५ | श्री रोहित तामाङ | नगर सभा सदस्य | |
| ३६ | श्री शरिता थापा (खड्का) | नगर सभा सदस्य | |
| ३७ | श्री झलक वहादुर तामाङ | नगर सभा सदस्य | |
| ३८ | श्री मुकुन्द वहादुर सुवेदी | नगर सभा सदस्य | |
| ३९ | श्री पार्वती गोतामे/दाहाल | नगर सभा सदस्य | |
| ४० | श्री सुन्दरी दर्जी | नगर सभा सदस्य | |
| ४१ | श्री जयराम गिरी | नगर सभा सदस्य | |
| ४२ | श्री भगवान राज घले | नगर सभा सदस्य | |
| ४३ | श्री चन्दा श्रेष्ठ | नगर सभा सदस्य | चन्दा |
| ४४ | श्री कमला मंग्राती | नगर सभा सदस्य | |

Scanned with CamScanner

| सि.नं | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| ४५ | श्री राम तामाङ | नगर सभा सदस्य | |
| ४६ | श्री दिनेश महर्जन | नगर सभा सदस्य | |
| ४७ | श्री निर्मला विडारी | नगर सभा सदस्य | |
| ४८ | श्री सोनी ~~[illegible]~~ [illegible] विशन्के | नगर सभा सदस्य | Sony |
| ४९ | श्री राज कुमार भट्टराई | नगर सभा सदस्य | |
| ५० | श्री लक्ष्मण बुढाथोकी | नगर सभा सदस्य | |
| ५१ | श्री सितल परियार | नगर सभा सदस्य | |
| ५२ | श्री विदुर पन्त | नगर सभा सदस्य | |

**प्रस्तावहरू:**

१. आ.व. २०८२/०८३ को नीति, कार्यक्रम तथा बजेट सम्बन्धमा ।

२. आर्थिक विधेयक, २०८२

३. विनियोजन विधेयक, २०८२

४.

CS Scanned with CamScanner

निर्णय नं. १

यस बैठकमा का.वा. नगर प्रमुखज्यूले नगर सभामा पेश गर्नु भएको देहाय बमोजिमको आ.व. २०८२/०८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेट सर्वसम्मत रूपले पारित गर्ने निर्णय गरियो ।

तपसिलः

**नागार्जुन नगरपालिका, काठमाडौंको नीति तथा कार्यक्रम**

**आ.व. २०८२/०८३**

नगरसभा सदस्यज्यूहरु:

सर्वप्रथम म यस नागार्जुन नगरपालिकाको ११ औं नगर सभाको उद्‌घाटन समारोहमा उपस्थित प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु, नगर सभा सदस्यहरुज्यूहरु एवं उपस्थित सबैमा हार्दिक अभिवादन सहित स्वागत गर्न चाहान्छु। समृद्ध नागार्जुन नगरपालिका निर्माणका लागि आधार तयार गर्न तय गरिएको आ.व. २०८२/०८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत हुने आजको यस पुनित अवसरमा राष्ट्रको राजनीतिक र सामाजिक आन्दोलनमा आफ्नो जीवन आहुति दिनु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दै जनआन्दोलन तथा अन्य परिवर्तनको अभियानका क्रममा घाइते, अपाङ्ग तथा बेपत्ता भएका नागरिकहरु प्रति समेत उच्च सम्मान व्यक्त गर्न चाहान्छु।

देशकै सङ्घीय राजधानी काठमाडौं जिल्लामा अवस्थित यो नगरपालिका स्थापना भएको छोटो अवधिमा नगरले तय गरेको "समृद्ध नागार्जुनको आधारः सुशासन, मानव विकास र पर्यटन सहितको दिगो पूर्वाधार" को दीर्घकालीन लक्ष्य हासिल गर्न. समृद्ध नागार्जुन सबैको साझा दायित्व भन्ने जिम्मेवारी भावका साथ आज हामी व्यापक छलफल र विश्लेषण पश्चात यो क्षणमा उपस्थित भएका छौं। नागरिकका समस्या, आवश्यकता तथा अपेक्षा असीमित छन्, सीमित श्रोतका बावजुद ती आवश्यकतालाई क्रमिक रुपमा न्यायोचित सम्बोधन गर्नु नगरपालिकाको दायित्व हो। नगरपालिकाले नीति तथा कार्यक्रम एवम् बजेट तयार गर्दा सहभागितामूलक योजना तर्जुमा पद्धतिको अबलम्वन गरेको छ। यस क्रममा टोल, वस्ती हुँदै वडा समितिको, विभिन्न चरणमा विषयगत समितिको बैठक तथा विज्ञ सँगको छलफल, प्रदेश सभा सदस्य एवम् सङ्घीय सभा सदस्यहरुसँग विभिन्न समयमा गरेको राय परामर्श छलफलबाट प्रतिनिधिमूलक रुपमा नगरवासीहरुको मत सम्वोधन गर्ने प्रयास गरेका छौं। साथै यस पटक सम्बोधन गर्न नसकिएका विषयहरूलाई समेत आगामी दिनमा क्रमशः सम्वोधन गर्दै जाने व्यहोरा समेत यहाँहरू सम्पूर्णलांई अवगत गराउन चाहान्छु।

नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुन बमोजिम गर्ने व्यवस्था रहेको छ। यस अवसरमा नागार्जुन नगरपालिकाको ११ औं नगर सभामा आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ।

सर्वप्रथम म चालु आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रमहरूको कार्यान्वयनको स्थिति संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु।

सभाध्यक्ष महोदय,

गत नगरसभाबाट चालु आर्थिक वर्षका लागि स्वीकृत बजेट रु. २ अर्ब ५२ करोड ५० लाख मध्ये समिक्षा अवधिसम्म रु. ९२ करोड ८९ लाख ६३ हजार ५ सय १४ खर्च भई लक्ष्यको तुलनामा (३६.७९ प्रतिशत) प्रगति हासिल भएको छ। जसमध्ये चालु तर्फ विनियोजित रकम रु. ९३ करोड ४ लाख ५७ हजार १५७ मध्ये रु ५६ करोड १२ लाख ९९ हजार ८ सय ११ (६०.३३ प्रतिशत) र पुँजीगत तर्फ विनियोजित रकम रु. १ अर्ब ५९ करोड ४५ लाख ४२ हजार ८४३ मध्ये रु. ३६ करोड ७६ लाख ६३ हजार ७ सय ३ (२३.०६ प्रतिशत) खर्च भएको व्यहोरा यस सभामा पेश गर्दछु। तथापी प्रतिस्पर्धात्मक विघुतीय बोलपत्र प्रणालीबाट ठेक्का व्यवस्थापन भई संघ तथा प्रदेशबाट वित्तीय हस्तान्तरित योजनाहरुको समयमै कार्यान्वयन गर्न सक्दा ९० प्रतिशत र आन्तरिक तर्फ ६० प्रतिशत भौतिक प्रगति हासिल गर्न सकिएको छ।

CS Scanned with CamScanner

चालु आ.व. का लागि सङ्घीय सरकार तर्फ प्रस्तावित रकम रु. ३४ करोड ३३ लाख ५३ हजार मध्ये हालसम्म रु. २३ करोड १ लाख ८६ हजार ५ सय ९५ खर्च भएको छ। त्यस्तै प्रदेश सरकारबाट प्राप्त भएको अनुदान रकम रु. ७ करोड ३८ लाख ५४ हजार मध्ये हालसम्म रु. १ करोड ४८ लाख ५० हजार खर्च भएको छ।यस आ.व. मा मालपोत रजिष्ट्रेशन दस्तुर वापत रु. ८७ करोड ५८ लाख १४ हजार ७५० प्राप्त हुने अनुमान गरिएकोमा यस अवधिसम्म जम्मा रु. २३ करोड ७९ लाख ३ हजार मात्र प्राप्त भएको र आन्तरिक आम्दानी तर्फ प्रस्तावित रु. ५५ करोड ७० लाख मध्ये हालसम्म रु. २२ करोड ८० लाख ७६ हजार प्राप्त भई दुवै स्रोतको जम्मा रु. ४६ करोड ५९ लाख ७९ हजार मात्र राजश्व प्राप्त भएकाले चालु आर्थिक वर्षमा प्रस्तावित सबै कार्यक्रमहरु लक्ष्य अनुरुप संपन्न हुन सकेनन्।

संघ र प्रदेशबाट प्राप्त हुने अनुदान तथा राजश्व बाँडफाँडमा हुँदै आएको कटौती, घरजग्गा कारोबारमा आएको शिथिलताका कारण मालपोत रजिष्ट्रेशन दस्तुर प्राप्तिमा परेको प्रभाव र नक्सा पास लगायतको अन्य क्रियाकलापमा आएको न्यूनताका कारण आन्तरिक आम्दानी लक्ष्य अनुरुप प्राप्त हुन नसक्दा नगरपालिकाको वित्तीय स्वास्थ्यमा चुनौती खडा भई तोकिएका योजना तथा कार्यक्रमहरु समयमा सम्झौता हुन नसकी पुँजीगत खर्च तर्फ आशातित प्रगति हासिल हुन नसकेको व्यहोरा समेत यस सम्मानित उपस्थितिमा अनुरोध गर्दछु।

१. नागार्जुन नगरपालिका क्षेत्रभित्रका १९ वटा सामुदायिक विद्यालयमा ५,४३७ जना तथा संस्थागत विद्यालयमा २२,१५४ जना विद्यार्थीहरु अध्ययनरत मध्ये सामुदायिक विद्यालय तर्फ १,८२२ जना तथा संस्थागत विद्यालय तर्फ १४०० जनालाई छात्रवृत्ति उपलब्ध गराइएको छ।संविधानले व्यवस्था गरेको निःशुल्क शिक्षा सम्बन्धी मौलिक हकको कार्यान्वयनको लागि नागार्जुन नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा निःशुल्क शिक्षा प्रदान गर्नको लागि शिक्षण सहयोग अनुदान स्वरुप सूचकको आधारमा रु. ३ करोड २० लाख रकम उपलव्ध गराइएको छ। बेरोजगार युवाहरुलाई लक्षित गरी रोजगारसँग सीपलाई आवद्ध गराउनको लागि १० महिने (१६९६ घण्टे) पेशागत तह दुईको कम्प्युटर हार्डवयर २० जना तथा कुक तालिम ४० जनालाई उपलव्ध गराइएको छ।१२ वटा सामुदायिक माध्यमिक विद्यालयहरुका कक्षा ९ र १० अध्ययनरत विद्यार्थीहरुलाई वृत्तिमार्ग निर्देशन तालिम उपलव्ध गराइएको छ। ४ वर्ष पूरा भई १३ वर्ष उमेर पूरा नभएका सबै बालबालिकाहरु विद्यालय बाहिर नरहेको सुनिश्चित गरिएको छ ।

२. यसै आ.व.बाट नगरपालिकामा नगर अस्पताल स्थापना गरी सञ्चालनमा ल्याईएको छ।स्वास्थ्य सेवामा आम नागरिकको पहुँच अभिवृद्धि गर्न निःशुल्क स्वास्थ्य बीमा गर्ने नीति अनुरुप चालु आ.व. मा २००४ घरपरिवारका ९४१३ सदस्यहरुलाई निःशुल्क बीमा सेवा पुऱ्याइएको छ। नगर एम्बुलेन्स र शववाहनबाट निःशुल्क सेवा प्रदान भइरहेको, कडा तथा दीर्घ रोग जस्तै क्यान्सर, मुटु तथा मृगौला रोगी, मानवअङ्ग प्रत्यारोपण गरेका १२३ जना बिरामीहरुलाई मापदण्डको आधारमा प्रति महिना ५ हजारका दरले आर्थिक सहायता उपलव्ध गराइएको छ।

३. नागार्जुन नगरपालिका वडा नं. १ देखि १० सम्मका स्थानीय अशक्त, अपाङ्ग, जेष्ठ नागरिक, एकल महिला लक्षित घरदैलोमा प्रेसर, सुगर जाँच तथा परामर्श सेवा एवम् साधारण निःशुल्क औषधि वितरण, विभिन्न संघसंस्थाहरूसँगको सहकार्यमा आँखा, दन्त, मुटु परीक्षण, आयुर्वेदिक स्वास्थ्य शिविरहरू समेत सम्पन्न भएका छन्। १० वटै वडामा घरधुरी सर्वेक्षण गरी खोज र खोप अभियान अन्तर्गत ५ वर्ष मुनीका ५ हजार ८९ जना बालबालिकाहरुको खोपको विवरण संकलन गरी खोप लगाउन छुट भएका बालबालिकाहरुलाई समेत खोप लगाइ पूर्ण खोप सुनिश्चितता नगरपालिका घोषणा गरिएको छ।

४. गर्भवती महिलाहरुमा हुन सक्ने सम्भावित जटिलता समयमा नै पत्ता लगाइ मातृ तथा नवजात शिशुको मृत्यु दर घटाउनको लागि सबै स्वास्थ्य संस्थाहरुमा निःशुल्क अल्ट्रासाउण्ड सेवा मार्फत हालसम्म ६४३ जना गर्भवती महिलाहरुलाई अल्ट्रासाउण्ड सेवा प्रदान गरिएको छ। प्रत्येक वडा स्थित स्वास्थ्य संस्थाहरुमा वितरण गर्न तोकिएका ९८ प्रकारका सबै औषधि तथा औषधिजन्य सामाग्रीहरु र जनस्वास्थ्य लक्षित कार्यक्रमहरु सञ्चालन गरिएको छ।

Scanned with CamScanner

अब म आर्थिक वर्ष २०८२/०८३ को अनुमानित राजश्व र व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्दछु ।

नागार्जुन नगरपालिका आर्थिक वर्ष २०८२/०८३ को अनुमानित आय विवरणः-

| आय अनुमान | | | | |
|---|---|---|---|---|
| सि.न. | शीर्षक | स्रोत | रकम रू. (हजारमा) | अक्षेरूपी रू. |
| १ | वित्तीय समानीकरण अनुदान | संघीय सरकार | १९१५०० | उन्नाईस करोड पन्ध्र लाख |
| २ | सशर्त अनुदान | संघीय सरकार | ३४५७०० | चौतिस करोड सन्ताउन्न लाख |
| ३ | समपुरक अनुदान | संघीय सरकार | ३३९०० | तीन करोड उनन्चालिस लाख |
| ४ | विशेष अनुदान | संघीय सरकार | ३०३०० | तीन करोड तीन लाख |
| ५ | वित्तीय समानीकरण अनुदान | प्रदेश सरकार | १९८८८ | एक करोड अन्ठानब्बे लाख अठासी हजार |
| ६ | सशर्त अनुदान | प्रदेश सरकार | ८८६८७ | आठ करोड छयासी लाख सतासी हजार |
| ७ | समपुरक अनुदान | प्रदेश सरकार | १८००० | एक करोड असी लाख |
| ८ | विशेष अनुदान | प्रदेश सरकार | ६५०० | पैसठ्ठी लाख |
| ९ | घरजग्गा रजिष्ट्रेशन दस्तुर (मालपोत) | प्रदेश सरकार | ८००००० | असी करोड |
| १० | राजस्व बाँडफाँड (मु.अ.कर. र अन्त शुल्क समेत) | संघीय सरकार | १२६९०० | बाह करोड उनान्सत्तरी लाख |
| ११ | राजस्व बाँडफाँड (सवारी साधन कर) | प्रदेश सरकार | ५२९२४ | पाँच करोड उनान्तिस लाख चौबिस हजार |
| १२ | आन्तरिक स्रोत | न.पा. | ५५७८६९ | पचपन्न करोड अठहत्तर लाख उनान्सत्तरी हजार |
| १३ | जि.स.स. खानेपानी निर्माण अनुदान | जि.स.स. काठमाडौं | २०००० | दुई करोड |
| १४ | लागत सहभागिता | जनसहभागिता | ५००० | पचास लाख |
| १५ | अनुमानित बैंक मौज्दात | न.पा. | १००००० | दश करोड |
| | जम्मा | | २३९७१६८ | दुई अर्ब उन्नाचालिस करोड एकहत्तर लाख अठसठ्ठी हजार |

## नागार्जुन नगरपालिका आर्थिक वर्ष २०८२/०८३ को अनुमानित व्यय विवरणः-

| व्यय अनुमान | | | | |
|---|---|---|---|---|
| सि.नं. | विवरण | स्रोत | रकम रू. (हजारमा) | अक्षेरूपी रू. |
| १ | सशर्त अनुदान | संघीय सरकार | ३४५७०० | चौतिस करोड सन्ताउन्न लाख |
| २ | समपुरक अनुदान | संघीय सरकार | ३३९०० | तीन करोड उनान्चालिस लाख |
| ३ | संघीय समपुरक अनुदान म्याचिङ्ग | न.पा. | १३५६०० | तेह्र करोड छपन्न लाख |
| ४ | विशेष अनुदान | संघीय सरकार | ३०३०० | तीन करोड तीन लाख |
| ५ | सशर्त अनुदान | प्रदेश सरकार | ८८६८७ | आठ करोड छयासी लाख सतासी हजार |
| ६ | समपुरक अनुदान | प्रदेश सरकार | १८००० | एक करोड असी लाख |
| ७ | प्रदेश समपुरक अनुदान म्याचिङ्ग | न.पा. | ७२००० | सात करोड बिस लाख |
| ८ | विशेष अनुदान | प्रदेश सरकार | ६५०० | पैसठ्ठी लाख |
| ९ | चालु आ.व. बाट दायित्व सर्ने योजनाहरु | न.पा. | ५५०००० | पचपन्न करोड |
| १० | वडा सिलिङ्ग | न.पा. | १०५००० | दश करोड पचास लाख |
| ११ | विषयगत शाखाको सिलिङ्ग बजेट | न.पा. | १७२८०० | सत्र करोड अठाईस लाख |
| १२ | प्रशासनिक खर्च | न.पा. | ३३१३३० | तेत्तिस करोड तेह्र लाख तिस हजार |
| १३ | नगरस्तरीय योजना तथा कार्यक्रम | न.पा. | ५०२३५१ | पचास करोड तेईस लाख एकाउन्न हजार |
| १४ | लागत सहभागिता | न.पा. | ५००० | पचास लाख |
| | कुल जम्मा | | २३९७१६८ | दुई अर्व उन्नाचालिस करोड एकहत्तर लाख अठसठ्ठी हजार |

**निर्णय नं. २**

माथि प्रस्ताव नं. १ को नगरपालिकाको लागि आ.व. २०८२/०८३ को आय व्यय अनुमान सम्बन्धमा छलफल गर्दा राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति हुँदै नगर कार्यपालिकाको मिति २०८२/०३/०८ को निर्णयबाट पारित गरी नियमानुसार यस सभामा पेश हुन आएको रू.२,३९,७१,६८,०००/- (अक्षरूपी दुई अर्व उनान्चालिस करोड एकहत्तर लाख अठसठ्ठी हजार) बराबरको आय व्यय विवरण स्वीकृत गरी नागार्जुन नगरपालिकाको आर्थिक विधेयक, २०८२ तथा नागार्जुन नगरपालिकाको विनियोजन विधेयक, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३
आ.व. २०८१/०८२ को २०८१ साल श्रावण १ देखि २०८२ साल आषाढ ०८ गतेसम्म भएका नगर कार्यपालिका, विषयगत समितिबाट भएका सबै निर्णय, नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालयहरूबाट भएको सम्पूर्ण आम्दानी, खर्च तथा नगर कार्यपालिकाको निर्णयानुसार भएका रकमान्तर, स्रोतान्तर लगायत सोसँग सम्बन्धित सबै प्रशासनिक, नीतिगत सम्पूर्ण निर्णयहरूलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४
योजना सञ्चालन सम्बन्धमा छलफल गर्दा विभिन्न मितिमा वडा कार्यालयहरू मार्फत केही योजना तथा कार्यक्रमहरू नगरी नहुने र तत्काल नगर्दा थप क्षति हुन सक्ने भनी सम्बन्धित वडा समितिको निर्णयानुसार आ.व. २०८१/८२ को वार्षिक नगर सभाबाट स्वीकृत योजना तथा कार्यक्रमहरूको शीर्षक परिवर्तन (रकमान्तर) गरी संचालन गरीएका योजनाहरूलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५
चालु आ.व.मा जनप्रतिनिधि तथा महिला स्वास्थ्य स्वयसेविका, बाल विकास सहजकर्ता, प्राधानाध्यापक र कर्मचारीहरूले खाईपाई आएको सेवा सुविधा, प्रोत्साहन भत्ता, सवारी चालकहरूको खाजा भत्ता, बिमा तथा इन्धन सुविधालाई आगामी आ.व. २०८२/०८३ मा समेत निरन्तरता दिने निर्णय गरियो । साथै आगामी आ.व.मा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीमा वार्षिक विकास कार्यक्रम पुस्तिका तयारी तथा प्रविष्टिमा खटिने कर्मचारीहरूलाई प्रोत्साहन स्वरूप एक महिनाको तलब भत्ता वापतको रकम उपलब्ध गराउने निर्णय गरियो । नागार्जुन नगरपालिकामा कार्यरत सेवा करार तथा मासिक ज्यालादारीमा कार्यरत कर्मचारीहरूको हाल खाईपाई आएको सेवा सुविधालाई निरन्तरता दिई आगामी २०८३ साल असार मसान्तसम्म म्याद थप गरी कामकाजमा लगाउने निर्णय गरियो ।

निर्णय नं. ६
आ.व. २०८०/०८१ को महालेखा परिक्षकको कार्यालयबाट प्राप्त अन्तिम लेखा परिक्षण प्रतिवेदन माथि दफावार छलफल गरियो ।

निर्णय नं. ७
यस नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अन्तिम लेखा परिक्षणबाट कायम हुन आएको नियमित गर्ने बेरूजु रकम रू.२,४१,२४,७०२.७८/- (अक्षरूपी दुई करोड एकचालिस लाख चौबिस हजार सात सय दुई रूपैंया अठहत्तर पैसा) लेखा समिति तथा नगर कार्यपालिकाको बैठकबाट नियमितको लागि सिफारीस भई आएकोले उक्त बेरूजु रकम नियमित गर्ने निर्णय गरियो । साथै उल्लेखित रकमलाई समपरिक्षण गर्नको लागि महालेखा परिक्षकको कार्यालयमा सिफारीस गर्ने निर्णय गरियो ।

## निर्णय नं. ८

नागार्जुन नगरपालिका वडा नं. ५, ७ र ८ बाट मिति २०८२/०२/१६ गते मनसुनजन्य विपतबाट हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न साईड ड्रेन खोल्ने भनि निवेदन प्राप्त भएकोमा सो कार्य गर्नको लागि रोजगार सेवा केन्द्रमा सूचीकरण भएको बेरोजगार व्यक्तिलाई निम्न बमोजिमको आयोजनामा काम गर्न लगाईएकोमा उक्त निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिलः

१. वडा नं. ५ भित्रको साईडड्रेन सरसफाई कार्यक्रम,
२. वडा नं. ७ भित्रको साईडड्रेन सरसफाई कार्यक्रम,
३. वडा नं. ८ भित्रको साईडड्रेन सरसफाई कार्यक्रम,

## निर्णय नं. ९

नगर सभाको तयारीको समयमा कार्यालय समय भन्दा अतिरिक्त साँझ, बिहान तथा बिदाको दिनमा समेत खटिएका पदाधिकारी का.वा. नगर प्रमुख तथा पदाधिकारी, उच्च कार्य बोझ भएका कर्मचारीहरूलाई प्रोत्साहन स्वरूप गत आ.व.को अनुपातमा नै हुने गरी नगर सभा तयारी भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. १०

नागार्जुन नगरपालिकाको न्यायिक समितिबाट भएका काम कारवाहीको वार्षिक प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

## निर्णय नं. ११

नागार्जुन नगरपालिकाको खानेपानी तथा सरसाफाई र स्वच्छता सम्बन्धी ऐन, २०८० लाई संशोधन गर्न बनेको नागार्जुन नगरपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धि संशोधन विधेयक, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

## निर्णय नं. १२

हाल संघीय सरकार तथा प्रदेश सरकार अन्तर्गत खुल्ला तर्फ इञ्जिनियरको छैठौं तह नरहेको हुँदा प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ बमोजिम उक्त पद तह वृद्धिबाट मात्र हुने भएकाले सातौं तहमा विज्ञापन हुने गरेको साथै प्रदेश लोकसेवाबाट छैठौं तहमा विज्ञापन भई नियुक्ति भएका इञ्जिनियरहरूलाई सातौं तह कायम गर्ने निर्णय भएको सन्दर्भमा यस नगरपालिकामा विगतदेखि छैठौं तहमा कार्यरत करार सेवाका सम्पूर्ण इञ्जिनियरहरूको तह सातौं कायम गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

नागार्जुन नगरपालिकामा अख्तियार दुरूपयोग अनुसन्धान आयोग लगायतका संवैधानिक निकायहरू, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायत संघीय सरकारका मन्त्रालय तथा निकायहरू, मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत बागमती प्रदेश सरकार अन्तर्गतका विभिन्न मन्त्रालय तथा निकायहरूबाट समय समयमा प्राप्त सुझाव तथा निर्देशनहरू माथि छलफल गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

११ औं नगर सभाको निर्णय नं. ७ सँग सम्बन्धित

आर्थिक बर्ष २०८०।८१

बेरुजु दफा ४३

नगरपालिकाले प्रास गरेको आन्तरिक आय तथा केन्द्रिय निकायबाट प्रास निकासा नगरपालिकाको क्षेत्राधिकार भित्र रहेको सार्वजनिक निर्माण तथा कल्याणकारी कार्यको लागि खर्च गर्नुपर्दछ । नगरपालिकाले संघीय निकायको कार्यालयको खर्च व्यहोर्ने कानूनी व्यवस्था नभएको यस बर्ष पालिकाले क्षेत्राधिकार नरहेको निम्न निकायलाई संबन्धित तालुक निकायको स्वीकृत वेगर खर्च रकम भुक्तानी गरेको रु.१८८१०१९।०० (अक्षरुपी अठार लाख एकासी हजार उन्नाईस मात्र) नियमसम्मत नदेखिएको भनि कायम भएको बेरुजु रु.१८८१०१९।०० को सन्दर्भमा आगामी दिनमा सार्वजनिक खरिद ऐन नियमको पूर्ण पालना गरी क्षेत्रधिकार रहेको निकायको लागि मात्र खर्च व्यहोरिने प्रतिबद्धता सहित उल्लेखित बेरुजु रकम रु.१८८१०१९।०० नियमित गर्ने निर्णय गरियो । साथै सम्परिक्षणको लागि महालेखा परिक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

बेरुजु दफा ४४

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा संबन्धी ऐन, २०७५ (संशोधन सहित) अनुसार सेवा सुविधा प्रदान गर्दा अनुसूचिको आधारमा मात्र दिनुपर्ने व्यवस्था छ । उक्त कानूनमा ईन्धन सुविधा पाउने पदाधिकारी र ईन्धन सुविधा पाउने परिमाण उल्लेख छ । नागार्जुन नगरपालिको कार्य संचालन निर्देशिका २०८० बमोजिम ईन्धन सुविधा परिमाण उल्लेख गरेकोमा सो परिमाण र स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा संबन्धी ऐनमा तोकिए भन्दा बढि परिमाण उल्लेख भएको देखियो । पालिकाका २० जना जनप्रतिनिधिलाई सुविधा संबन्धी ऐन भन्दा ४७४१ लिटर डिजेल परिमाणको औषत मुल्य रु.१५० का दरले रु.७११९५०।०० ईन्धन सुविधा भुक्तानी गरेको देखियो । नगरप्रमुख पालिकाको कामले प्रदेश राजधानी हेटौडा पटकपटक जानुपर्ने र उपप्रमुख तथा वडा अध्यक्ष योजना अनुगमनमा खटनुपर्ने हुँदा कानून बनाएर ईन्धन सुबिधा उपलव्ध गराएको छलफलको क्रममा जनाएको छ । सुविधा ऐन भन्दा फरक पारी कार्यसंचालन निर्देशिकामा ईन्धन परिमाण उल्लेख गर्न नमिल्ने हुँदा बढि व्ययभार परेकोले नियमसम्मत नदेखिएको बेरुजु रु.७११९५०।०० (अक्षरुपी सातलाख एघार हजार एक सय पचास मात्र) को सन्दर्भमा आगामी आर्थिक बर्ष देखि प्रचलित सुविधा संबन्धी ऐनको परिधी भित्र रहि ईन्धन सुबिधा भुक्तानी दिने प्रतिबद्धता सहित एक पटकको लागि उल्लेखित बेरुजु रु.७११९५०।०० नियमित गर्ने निर्णय गरियो । साथै सम्परिक्षणको लागि महालेखा परिक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

बेरूजु दफा ४८

बिधुत महसुल समयमै तिरी रिवेट समेत लिनुपर्दछ । सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा २४ मा आफूले सम्पादन गर्ने काम निर्धारित समयमा नै सम्पादन गर्न आफैले पहल गर्ने उत्तरदायित्व जिम्मेवार पदाधिकारीको हुने व्यवस्था छ । तर पालिकाले समयमै बिधुत महसुल नतिरी ढिलो भुक्तानी गरेको रु.५२८६०१।९४ बिल रकम तथा जरिवाना स्वरुप ९९३०१।०१ थप दस्तुर सहित रु.६२७९०४।०० भुक्तानी गरेको छ । तसर्थ समयमै महसुल भुक्तानी नगरि थप दस्तुर तिरेको नियमसम्मत नदेखिएको बेरुजु रु.९९३०१।०० को सन्दर्भमा तत्कालिन समयमा आर्थिक कारोबारमा ढिलाई हुन गई थप दस्तुर तिर्नुपरेको अवस्था देखिएको र आगामी आर्थिक बर्षमा यस्तो कार्यमा संबन्धित व्यक्तिलाई जिम्मेवार बनाईने प्रतिबद्धता सहित उल्लेखित बेरुजु रु.९९३०१।०० नियमित गर्ने निर्णय गरियो । साथै सम्परिक्षणको लागि महालेखा परिक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

बेरूजु दफा ५३

बागमती प्रदेश सरकारद्धारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सेवा सुविधा संबन्धी ऐन,२०७५ (संशोधन सहित) मा स्थानीय तहका पदाधिकरीहरुले स्थानीय क्षेत्र भित्रका योजनाहरुको अनुगमन गर्ने कार्य बापत भत्ता उपलब्ध गराउने व्यवस्था नभएकोमा पालिकाको निर्णय बमोजिम पदाधिकारी तथा कर्मचारीलाई बिभिन्न योजना अनुगमन गरे बापत रु.६५९,५००।०० भुक्तानी गरेको नियमसम्मत नदेखिएको बेरुजु रु.६५९,५००।०० को सन्दर्भमा सो आर्थिक बर्षको स्वीकृत बजेटको परिधी भित्र रहि शैक्षिक सुशासनका लागि क्षमता विकास कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम र अन्य तालिम कार्यक्रम तथा योजना अनुगमन खर्च भुक्तानी भएको र आगामी आर्थिक बर्षमा यस्ता कार्यलाई निरुत्साहित गर्ने प्रतिबद्धता सहित रकम रु.६५९,५००।०० नियमित गर्ने निर्णय गरियो । साथै सम्परिक्षणको लागि महालेखा परिक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

बेरूजु दफा ६२

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ बमोजिम दश लाख रुपैयाको लागत अनुमान भएको मालसमान सोझै खरिद गर्न सकिने र नियम ८५ (१ख) बमोजिम एक आर्थिक बर्षमा एकै पटक वा पटकपटक गरि सिमा भन्दा बढि रकमको एउटै फर्म वा संस्थाबाट सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यस बर्ष निम्नानुसार खरिद गर्दा एक बर्षमा एउटै फर्मबाट दशलाख भन्दा बढिको सोझै खरिद गरेको उक्त खर्च नियमसम्मत नदेखिएको बेरुजु रु.८०,९३,५८८।०० को

सन्दर्भमा तत्कालिन अवस्थामा परीक्षा प्रश्न पत्र जस्तो संवेदनशिल विषय र केहि कार्यालयमा तत्काल गर्नुपर्ने कार्यको लागि सोझै खरिद भएको र यस खरिदबाट कुनै पनि व्यक्ति विशेषलाई आर्थिक लाभ भै सरकारी हानीनोक्सानी भएको नदेखिनुका साथै आगामी दिनमा प्रचलित खरिद ऐन नियमावलीको पूर्ण पालना गरि खरिद विधिको अवलम्बन गरिने प्रतिबद्धता सहित उल्लेखित बेरुजु रकम रु.८०९३,५८८।०० नियमित गर्ने निर्णय गरियो । साथै सम्परिक्षणको लागि महालेखा परिक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**बेरूजु दफा ६९**

लघु उद्यम विकास कार्यक्रम निर्देशिका २०७७ को दफा ४१ अनुसार लघु उद्यमीलाई उपलब्ध गराउने प्रबिधिको कूल लागतको कम्तिमा २० प्रतिशत रकम उद्यमी स्वयंले ब्यहोर्नुपर्ने व्यवस्था छ । यस पालिकामा हस्तान्तरित प्रविधी मध्ये देहायका प्रविधिहरुको २० प्रतिशतले हुने रकम रु.१०४,६५२।०० राजस्व दाखिला गरेको प्रमाण नदेखिएकोले प्रमाण पेश गर्नुपर्ने बेरुजु रु.१०४६५२।०० को सन्दर्भमा बेरुजुमा उल्लेखित प्रबीधि हस्तान्तरणका कार्यक्रमहरुमा नगरपालिकाको आन्तरिक श्रोतको बजेट प्रयोग भएको र सो संबन्धमा नगरकार्यपालिकाबाट समेत शुन्य लागत सहभागितामा प्रबिधि हस्तान्तरण गर्ने निर्णय भएअनुसार उल्लेखित कार्यक्रम कार्यान्वयन गरिएको र संघीय सरकारबाट प्राप्त लघु उद्यम विकास कार्यक्रमका प्रविधि हस्तान्तरण कार्यमा २० प्रतिशत लागत सहभागिताको अनिवार्यता कायमै रहेकोले उल्लेखित प्रविधि हस्तान्तरणको कार्यबाट कुनै व्यक्ति बिशेषलाई आर्थिक लाभ भै सरकारी हानी नोक्सानी भएको नदेखीएकोले उल्लेखित बेरुजु रकम रु.१०४६५२।०० नियमित गर्ने निर्णय गरियो । साथै सम्परिक्षणको लागि महालेखा परिक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**बेरुजु दफा ७३**

योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा १३ मा सामाजिक सुरक्षा योजनामा योगदान गरेको योगदानकर्ता कोषमा सुचिकरण भएको दिन देखि निज कोषले संचालन गर्ने सामाजिक सुरक्षा योजनामा सहभागी भएको मानिने उल्लेख छ ।यस्तै दफा २१ मा सरकारी सेवामा बहाल रहेको व्यक्ति वा सरकारीकोषबाट पारिश्रमिक पाउने व्यक्तिको सुचिकरण संबन्धी व्यवस्था नेपाल सरकारले तोकेबमोजिम हुने उल्लेख छ । पालिकामा कार्यरत करार सेवाका कर्मचारीको तलवबाट ११ प्रतिशत रकम कट्टा गरि उक्त रकममा तलवको २० प्रतिशत रकम थप गरि हुन आउने तलवको ३१ प्रतिशत रकम सामाजिक सुरक्षाकोषमा दाखिला गरेको छ । यस बर्ष पालिकाले श्रावण देखि आषाढ सम्म निम्नानुसार ८९ जना करार कर्मचारीलाई पालिकाको तर्फबाट ६५१३८५५।७८ खर्च लेखेको छ । योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७५ को दपा ६९ मा यस ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले आबश्यक नियम बनाउन सक्ने ब्यबस्था भएकोमा सो संबन्धी

नियमहरु तयार भएको देखिदैन । तसर्थ उक्त खर्च भुक्तानी गर्न मिल्ने आधार पेश नभएकोले सो खर्च नियमसम्मत नदेखिएको बेरुजु रकम रु.६५१३८५५।७८ को सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा-(५) को व्यवस्था बमोजिम उल्लेखित कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा अबद्धता गराउँदा उक्त कर्मचारीहरुको मनोबल बृद्धि भई प्रभावकारी सेवा प्रबाहमा थप टेवा पुग्ने देखिएकोले सामाजिक सुरक्षा कोषमा आबद्धता गरिएको आधारमा उल्लेखित बेरुजु रकम रु.६५१३८५५।७८ नियमित गर्ने निर्णय गरियो । साथै सम्परिक्षणको लागि महालेखा परिक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

बेरुजु दफा ७६.२

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (१क) बमोजिम पच्चिसलाख रुपैयाको लागत अनुमान भएको औषधी जन्य उत्पादकले राष्ट्रिय स्तरको पत्रिकामा सुचना प्रकाशन गरि तोकेको बिक्रि मुल्यमा मालसामान सोझै खरिद गर्न सकिने र नियम ८५ (१ख) बमोजिम एक आर्थिक बर्षमा एकै पटक वा पटकपटक गरि सिमा भन्दा बढि रकमको एउटै फर्म वा संस्थाबाट सोझै खरिद गर्न नहुने उल्लेख छ ।पालिकाले यस बर्ष निम्नानुसार औषधी खरिद गर्दा एक आर्थिक बर्षमा एउटै फर्मबाट सोझै खरिद गर्न सकिने सिमा भन्दा बढिको औषधी सोझै खरिद गरेकोले उक्त खर्च नियमसम्मत नदेखिएको बेरुजु रकम रु.६०,६१,६३७।०० को सन्दर्भमा जनस्वास्थ्य जस्तो संबेदनशिल बिषयमा टेन्डरबाट खरिद भएका औषधी अपुग हुन गएको र तत्काल खरिद नगर्दा पालिका भित्रका नागरिकहरुको स्वास्थ्यमा तत्काल प्रभाव पर्न गई थप क्षति हुन नपाओस भन्ने उद्धेश्यका साथ उल्लेखित खरिद भएको र उक्त कार्यबाट कुनै पनि व्यक्ति बिशेषलाई आर्थिक लाभ भई सरकारी हानीनोक्सानी भएको नदेखिएकोले उक्त बेरुजु रकम रु.६०,६१,६३७।०० नियमित गर्ने निर्णय गरियो । साथै सम्परिक्षणको लागि महालेखा परिक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

# नागार्जुन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# सितापाईला, काठमाडौं।

११ औं नगर सभाको निर्णय नं. ११ सँग सम्बन्धित
कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०३/०८
११ औं नगर सभाबाट स्वीकृत मितिः २०८२/०३/१०

## नागार्जुन नगरपालिका खानेपानी तथा सरसाफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको (पहिलो संशोधन) विधेयक, २०८२

**प्रस्तावनाः** खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०. लाई संशोधन गर्न वाञ्छनीय भएकोले, नागार्जुन नगरपालिकाको नगर सभाले यो ऐनको तर्जुमा गरेको छ।

३. संक्षिप्त नाम र प्रारम्भः

(४) यस संशोधनको नाम" नागार्जुन नगरपालिका खानेपानी तथा सरसाफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको (पहिलो संशोधन) ऐन, २०८२" रहेको छ।

(५) यो संशोधन तुरुन्त प्रारम्भ हुनेछ।

४. **नागार्जुन नगरपालिका खानेपानी तथा सरसाफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० को दफा १२ मा संशोधनः** खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१ (मुल ऐन) को दफा (१२) को उपदफा (२) को सट्टामा देहायको दफा राखिएको छः-

(६) उपभोक्ता संस्थाको कार्य समितिमा अनिवार्य रुपमा कोषाध्यक्ष पदमा महिला पदाधीकारी सहित ३३% महिला प्रतिनिधि हुन पर्नेछ।

तर कार्य समितिमा सर्वसम्मत नभई निर्वाचन प्रक्रियामा जानुपर्ने भएमा कम्तिमा कोषाध्यक्ष पदमा महिलाको एक पद आरक्षण गर्नुपर्नेछ ।

# नागार्जुन नगरपालिकाको विनियोजन विधेयक, २०८२

नागार्जुन नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यको लागि स्थानीय संचित कोषबाट केहि रकम खर्च गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक

**(कार्यपालिकाको बैठकबाट स्वीकृत गरिएको मितिः- २०८२/०३/०८)**

**(११ औं नगर सभाबाट स्वीकृत गरिएको मितिः २०८२/०३/१०)**

**(११ औं नगर सभाको निर्णय नं. २ सँग सम्बन्धित)**

<u>प्रस्तावना</u>: नागार्जुन नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वान्छनीय भएकोले नेपालको सविंधानको धारा २२९ को उप-धारा २ बमोजिम यो विधेयक पेश गरिएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> (१) यस विधेयकको नाम **"नागार्जुन नगरपालिकाको विनियोजन विधेयक, २०८२"** रहेको छ ।

(२) यो विधेयक नगर सभाबाट पारित भएपछि २०८२ साल श्रावण १ गतेदेखि लागू हुनेछ ।

२. <u>आर्थिक वर्ष २०८२/०८३ को निमित्त संञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः</u> (१) आर्थिक वर्ष २०८२/०८३ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च र पुँजिगत खर्चको रकम समेत गरी जम्मा रकम रु.<u>२,३९,७१,६८,०००/- अक्षेरुपी (दुई अर्व उनान्चालिस करोड एकहत्तर लाख अठसट्ठी हजार)</u> मात्र निर्दिष्ट गरिए वमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. <u>विनियोजनः</u> (१) यस विधेयकद्वारा संञ्चित कोषबाट खर्च गर्न दिईएको रकम आर्थिक वर्ष २०८२/०८३ को निमित्त नागार्जुन नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका वडा समिति र विषयतगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले वचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नवढ्ने गरी कुनै एक वा एक भन्दा वढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा वढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ । पुँजिगत खर्च र वित्तीय व्यवस्थापन तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी शीर्षकमा वाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको रकम जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढि शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृत लिनु पर्नेछ ।

## अनुसूची - १

दफा २ सँग सम्वन्धित

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

| क.स | शीर्षकको नाम | चालु बजेट रु. | पुँजीगत बजेट रु. | जम्मा रु. |
|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ |
| १ | नगरकार्यपालिका | ९१ करोड १० लाख | १ अर्व ४८ करोड ६१ लाख ६८ हजार | २ अर्व ३९ करोड ७१ लाख ६८ हजार |